## २०

# तपाईले येशूसंग के गर्नु हुनेछ ?

यद्यपि यो संसार एकदमै ठूलो र जटिल भए तापनि, पवित्र धर्मशास्त्रअनुसार, यो हामीले जिउने अनन्त जीवनको निम्ति तयारी गर्ने एउटा स्थान मात्र हो । त्यसैकारण, यहाँको जीवन एउटा छोटो आरम्भ मात्र हो । प्रत्येक मानिस यस संसारपछि स्वर्ग अथवा नर्कमा जिउन तोकिएको एउटा जीवित आत्मा हो । नयाँ करारले हाम्रो निम्ति अनन्त जीवन र अनन्त विनाशको वर्णन गरेको छ (मत्ती २५:४६) । यहाँपछि हाम्रो निम्ति बस्नलाई अनन्त जीवन र अनन्त मृत्यु बाहेक अरु कुनै ठाउँ छैन । मृत्युमा अथवा येशू फर्कनुभएपछि, हाम्रो नियतिको निधो सदाको निम्ति हुनेछ । अनन्तको संसारमा प्रवेश गरिसकेपछि परमेश्वरसंगको हाम्रो सम्बन्ध परिवर्तन गर्ने दोस्रो मौका त्यहाँ हुनेछैन । कस्तो गम्भिर विचार ! येशूले अनन्तलाई प्रभाव पार्नुहुन्छ भन्नेबारेमा हामी के सोच्छौ । हामी तपाईसंग अनुरोध गर्दछौ कि तपाई एक ख्रीष्टियान हुनुभएको होस् र तपाईको जीवन ख्रीष्टको निम्ति जिउनुभएको होस् जसले गर्दा तपाईले प्रसस्तरुपमा नयाँ जीवन (यूहन्ना १०:१०) र आउने संसारमा अनन्त जीवन पाउनुभएको होस् (१ यूहन्ना २:२५) ।

धर्मशास्त्रले प्रस्तुत गरेको विचारअनुसार, तपाई “मण्डली” को विश्वासयोग्य सदस्य बन्ने यो अध्ययनको अन्त्यमा आईपुग्नुभएको छ । तपाई संक्षेपमा येशू ख्रीष्ट–परमेश्वरका पुत्रसंग परिचित हुनुभएको छ, जो यस संसारमा आउनुभएको थियो र उहाँको जीवन, शिक्षा, र प्रेमद्वारा परमेश्वर कस्तो हुनुहुन्छ र परमेश्वरको इच्छा के छ भन्ने देखाउनुभएको थियो । उहाँ हाम्रो पापको निम्ति क्रूसमा मर्नुभएको थियो, र जसले उहाँको मुक्तिको सन्देश पालन गर्दछन् तिनीहरू प्रत्येकलाई उहाँले परमेश्वरका सन्तान हुन र त्यसअनुसार जीवन

बिताउन सम्भव बनाउनुभएको छ । अझ तपाईले सावधानीका साथ मण्डलीको गुणकोबारेमा अध्ययन गर्नुभएको छ जुन उहाँको जीवन र मृत्युको परिणाम थियो र निरन्तर रहनेछ । तपाईले कुनै व्यक्ति कसरी मण्डलीमा प्रवेश गर्नसक्छ र त्यो मण्डलीकोरुपमा यस संसारमा कसरी रहनसक्छ भन्ने देख्नुभएको छ । अब तपाई ठूलो, तपाईले अहिलेसम्म सोचेको मध्ये अति गम्भिर प्रश्न, "मैले येशूकोबारेमा के गर्ने ?" भन्ने प्रश्नमा आइपुग्नुभएको छ ।

सबै ख्रीष्टियानहरूको निष्कपट प्रार्थना र उत्कट आसा छ कि तपाईले आफ्नो हृदयमा ख्रीष्टियान हुने संकल्प लिनुभएको होस् र तपाईको बाँकी जीवनभरि ख्रीष्टको विश्वासयोग्य चेला हुनुभएको होस् । तपाईको अध्ययनको क्रममा, तपाईले स्वयम्लाईअघि नै भनी पनि सक्नुभयो होला, "म ख्रीष्टियान हुन चाहन्छु" । संभवत तपाईले सोच्नुभएको होला कि, "ख्रीष्टियान हुनेबारेमा मसँग केही प्रश्नहरू छन् र जब मैले ती प्रश्नहरूको उत्तर पाउने छु, म ख्रीष्टियान हुनेछु ।"

यदि तपाईले प्रश्नहरू गरिरहनुभएको छ भने, यो पुस्तकको बाँकी भागलाई होसियारीका साथ पढ्नु होस् । यसले केही उत्तरहरू दिनेछ । साथै, यसले केही पाइलाहरूको सूचीहरू र स्पष्टिकरणहरू पनि दिनेछ जुन तपाईलाई ख्रीष्टयान हुने र त्यसअनुसार जीवन बिताउने चाहना पुरा गर्न आवश्यक पर्दछ ।

## पहिलो पाइलाः मुक्ति

चाल्नुपर्ने पहिलो पाइला, निश्चय नै, एउटा ख्रीष्टियान हुनु नै हो । कोही पनि, संसारमा कोही पनि, यदि उनले ख्रीष्टमा विश्वास गर्छन् भने एउटा ख्रीष्टियान हुन सक्दछन् (यूहन्ना ८:२४), पश्चाताप गर्न सक्छन् (अथवा उनको पापहरूबाट फर्कन सक्छन्, प्रेरित १७:३०), येशूलाई ख्रीष्टकोरुपमा स्वीकार गर्न सक्छन् (रोमी १०:१०) र पाप क्षमाको निम्ति ख्रीष्टमा बप्तिष्मा लिन सक्छन् (प्रेरित २:३८) ।

हामीलाई तपाईले सोध्न सक्ने केही प्रश्नहरूको उत्तर दिन दिनुहोस्:

**"बाल–बालिकाबारेमा के हुन्छ ?"**

नयाँ करारले बालबालिकाको अथवा साना केटा-केटीको

बप्तिष्माकोबारेमा कहिल्यै बोलेको छैन । उनीहरूलाई बप्तिष्मा लिन आवश्यक हुँदैन, किनभने उनीहरू प्रभुकोअघि उनीहरूको निर्दोषितामा सुरक्षित हुन्छन् । उनीहरूलाई सही र गलत थाहा हुँदैन र त्यसैकारण परमेश्वरको नजरमा लेखा दिनु नपर्ने हुन्छन् । जब उनीहरू प्रभुले तिनीहरूबाट के चाहनुहुन्छ भन्नेबारेमा सचेत हुन्छन्, त्यसपछि उनीहरू प्रभुको मुक्तिको मार्गको आज्ञा-पालन गरेर (अरु मानिसहरू जस्तै) ख्रीष्टियान हुन सक्छन् । जे भए तापनि तिनीहरूको निर्दोषितामा, परमेश्वरकोअघि उनीहरू निर्दोष हुन्छन्, किनभने उनीहरूले पाप गरेका हुँदैनन् । जसरी उनीहरू, उनीहरूको मनमा बुझ्ने प्रयास गर्दै, उनीहरूको विश्वास पूर्णरुपमा उनीहरूलाई अगुवाइ गर्ने माथि राख्दछन्, उनीहरूको पूर्ण भरोसा र सिकाउन सकिने क्षमता उमेर पुगेकाहरूले पनि नक्कल गर्नुपर्ने एउटा उदाहरण हुन्छ (मत्ती १८:३) । केटा-केटीको सम्बन्धमा येशूले भन्नुभएको छ, "बालकहरूलाई मकहाँ आउन देओ, तिनीहरूलाई नरोक । किनभने स्वर्गको राज्य यस्तैहरूको हो" (मत्ती १९:१४ ख) ।

एउटा जवान अथवा वयस्क व्यक्तिकोरुपमा जसले मुक्तिको मार्ग बुझेको हुन्छ, जसलाई आफूले परमेश्वरकोअघि पाप गरेको छु भन्ने थाहा हुन्छ, र उद्धार पाउनको निम्ति ख्रीष्टियान हुनै पर्दछ भन्ने थाहा हुन्छ, तब तपाईले प्रभुको मुक्तिको योजनाको आज्ञा पालन गर्न आवश्यक हुन्छ ।

### "मैले के गर्नुपर्छ ?"

हाम्रो अध्ययनमा, ख्रीष्टियान कसरी हुने भन्ने कुरा तपाईले देख्नु भयो । येशू परमेश्वरका पुत्र हुनुहुन्छ भन्नेबारेको धर्मशास्त्रको प्रमाण र साक्षीलाई स्वीकार गरेर तपाई एक ख्रीष्टियान हुन सक्नुहुन्छ । संसारमाभएको एकमात्र साँचो यथार्थ पुस्तक, बाइबलले, येशू को हुनुहुन्छ र उहाँ के गर्न संसारमा आउनुभएको थियो भन्ने कुरा गरेको छ । के तपाईले यो सन्देशलाई स्वीकार गर्नुहुन्छ ? यदि हुन्छ भने, त्यसो भए तपाईले येशू ख्रीष्ट परमेश्वरका पुत्र क्रूसमा मरी तपाईको पापबाट तपाईलाई बचाउन र तपाईलाई परमेश्वरका सन्तान हुन संभव बनाउन आउनुभएको थियो भनी विश्वास गर्नु पर्ने हुन्छ ।

तपाईले आफैलाई प्रश्न गर्नु पर्ने हुन्छ, "के म पापबाट फर्केको छु ?" यो संसारमा तपाई कहिल्यै पूर्ण हुन सक्नुहुन्न, तर पश्चाताप

गरेर तपाईले पापलाई तपाईको जीवनबाट टाढा राख्ने र त्यसपछि देखि प्रभुको वचनलाई इमान्दारीका साथ पछ्याउने प्रण गर्न सक्नुहुन्छ। तपाईको साँचो पश्चातापपछि, येशू तपाईको प्रभु हुनुहुनेछ र धर्मशास्त्र तपाईलाई बाटो देखाउने पुस्तक हुनेछ जसअनुसार तपाईले जीवन जिउनु पर्दछ ।

अर्को कुरा तपाईले तपाईको पापक्षमाको निम्ति ख्रीष्टमा बप्तिष्मा दिने कुनै व्यक्ति खोज्नै पर्ने हुन्छ । तपाईको समूदायमा ख्रीष्टको मण्डली हुनसक्छ । यदि त्यसो हो भने, त्यो मण्डलीको सदस्यलाई खोज्नु होस् र उनलाई कुनै ख्रीष्टियान मानिससंग तपाईलाई परिचय गराइदिन भन्नु होस् जसले तपाईलाई बप्तिष्मा दिन सक्दछन् । जब तपाईले ती ख्रीष्टियान पुरुषसँग परिचय गरिसक्नुहुन्छ, उनलाई तपाईले अरुहरूकोअघि येशूलाई ख्रीष्टकोरुपमा स्वीकार गर्न चाहनुहुन्छ र उनले तपाईलाई पापक्षमाको निम्ति ख्रीष्टको आत्मिक शरीरमा बप्तिष्मा दिएको चाहनुहुन्छ भन्नुहोस् । उनी तपाईलाई सहायता गर्न पाएकोमा खुसी हुनेछन् ।

**"मैले ख्रीष्टको मण्डली कसरी खोज्न सक्छु ?"**

यो धार्मिक, अन्योलको समयमा, तपाई निश्चय नै जसले प्रभुको मण्डलीमा प्रवेश गरेका छन् र निरन्तर प्रभुको मण्डली हुन चाहन्छन् ती मानिसहरूको समूहसंग सम्पर्क गरी ढुक्क हुन चाहनु हुन्छ होला । तिनीहरूलाई तपाईले पत्ता लगाउने एउटा तरिका भनेको तिनीहरूले आफूलाई के भनी सम्बोधन गर्दछन् भन्ने पनि हो। उनीहरूले मानिसले बनाएको नाम धारण गरेका हुँदैनन् । उनीहरूले आफूहरूलाई ख्रीष्टको मण्डली भन्दछन् र आफूहरू माँझमा त्यस मण्डलीलाई ती अरु नामहरूद्वारा सम्बोधन गर्दछन् जुन धर्मशास्त्रहरूमा पाइन्छ । यदि तपाईले उनीहरूले आफूलाई एउटा यस्तो नाम दिएको पाउनु भयो जुन बाइबलअनुसार मण्डलीलाई सम्बोधन गर्ने तरिका होइन भने, त्यो उनीहरू एउटा सम्प्रदायको अंग हुन् भन्ने चिन्ह हो र त्यसैकारण उनीहरू प्रभुको मण्डलीभन्दा केही अलग र फरक हुन्छन् ।

कुनै एक समूह ख्रीष्टको मण्डली हो कि होइन भन्ने अर्को उपाय भनेको तिनीहरूले परमेश्वरको वचन पछ्याइरहेका छन् वा छैनन् भनी जाँच गर्नु पनि हो । तिनीहरूको लक्ष्यहरू र उद्देश्यहरू निर्धारण गर्नको निम्ति यहाँ तिनीहरूलाई सोध्न सकिने केही प्रश्नहरू दिइएका छन्:

- के तपाईहरू सामान्यरुपमा खीष्टको मण्डली हुने प्रयास गरिरहनुभएको छ ?
- के समूदायमा प्रेम, कृपा, एकता, दया र सेवाको अभ्यास गरिन्छ ?
- जब तपाईहरू आइतबार आराधना गर्न भेला हुनुहुन्छ, तपाईहरूको आराधना सेवा कस्तो हुन्छ ?
- के तपाईहरू हरेक हप्ताको पहिलो दिन (प्रत्येक आइतबार), प्रेरित २०:७ मा भएअनुसार, प्रभु भोजमा सहभागी हुनुहुन्छ ?
- के नयाँ करारको उदाहरणअनुसार तपाईहरू बाजा नबजाई भजन गाउनु हुन्छ ?
- के तापाईहरू येशूको नाउँमा प्रार्थना गर्नुहुन्छ ?
- के तपाईहरूको एउटै मात्र सिद्धान्त र निर्देशकोरुपमा तपाईहरू बाइबल अध्ययन गर्नुहुन्छ ?
- के तपाईको उन्नतिअनुसार हरेक आइतबार तपाईहरू भेटी दिनुहुन्छ (१ कोरिन्थी १६:१, २) ?
- के तपाईहरू एउटा मण्डलीकोरुपमा संगठित हुनुभएको छ ? के तपाईहरू कहाँ प्रचारकहरू, शिक्षकहरू, एल्डरहरू, र डिकनहरूभन्दा बढी पदहरू छन् ?[१]
- के तपाईहरूको पृथ्वीमा केन्द्रिय कार्यालय छ, अथवा तपाईहरू खीष्टलाई मात्र तपाईहरूको प्रमुख (शिर) कोरुपमा हेर्नुहुन्छ ?[२]
- यो पृथ्वीमा तपाईहरूको लक्ष्य के हो ? के तपाईहरू प्रभुको महान् आज्ञा पुरा गर्न चाहिराख्नुभएको छ (मत्ती २८:१९, २०) ?

तपाई यी प्रश्नहरू गर्दा होशियार हुनुपर्छ, किनभने तपाई उनीहरू को हुन् भन्ने बुझ्न चाहिरहेको हुनुहुन्छ। तपाईले प्रभुको मण्डलीको सदस्य हुन चाहनु पर्दछ, कुनै एउटा सम्प्रदायको सदस्य होइन (परिशिष्ट २ माभएको “बाइबलअनुसार एउटा झुण्डलाई कसरी संगठित गर्न

---

[१] नयाँ करारको मण्डलीहरूको संगठन साधरण र आधारभूत थियो । पहिलो, त्यहाँ सेवकहरू र शिक्षकहरू थिए जसले वचन प्रचार गर्थे र शिक्षा दिन्थे । दोस्रो, प्रत्येक झुण्ड यदि त्यो परिपक्वभएको हुन्थ्यो भने त्यसमा एकभन्दा बढी एल्डरहरू हुन्थे (कहिले काँही “ओभरसियर”, “सेफर्ड” र “पाष्टर” भनिएको छ) जसले झुण्डलाई अगुवाई र रेखदेख गर्दथे । तेस्रो, प्रत्येक झुण्डमा डिकनहरू हुन्थे जसले मण्डलीलाई एल्डरहरूको रेखदेख अन्तरगत रहेर सेवा गर्थे ।

[२] नयाँ करारले मण्डलीको एउटै मात्र शिरको नाम उल्लेख गरेको छः खीष्ट । मण्डलीको पृथ्वीमा कुनै मुख्य कार्यालय हुदैन । प्रत्येक मण्डलीको झुण्डले खीष्टको अगुवाईलाई मात्र पछ्याउँदछन् ।

सकिन्छ" भन्ने पाठ हेर्नुहोस्) ।

यदि तपाईले ख्रीष्टको मण्डली भेट्नु भएन भने, त्यसो भए तपाईले नै स्थापित गर्नुपर्ने हुन्छ । यहाँ तपाईले त्यो कसरी गर्न सक्नुहुन्छ भन्ने कुरा दिइएका छन् । एउटा इमान्दार मानिस खोज्नुहोस् जसले साँचो परमेश्वरको सेवा गर्ने चाख राख्दछन् । उनलाई यो पुस्तक उनको बाइबल संगसंगै पढ्न अनुरोध-गर्नुहोस् । त्यसपछि के उनी ख्रीष्टियान हुन र तपाईहरूको समूदायमा प्रभुको मण्डली हुन तपाईलाई साथ दिन चाहन्छन् भनी सोध्नुहोस् । यदि उनले ख्रीष्टलाई पछ्याउन चाहन्छन् भने, तपाईहरूले एउटाले अर्कोलाई बप्तिष्मा दिन सक्नुहुन्छ । तपाईहरू नजिकको खोला, ताल अथवा पोखरीमा जान सक्नुहुन्छ (जहाँ तपाईको निम्ति कसैलाई डुबाउन मिल्ने जति पानी हुन्छ) ।

जब तपाईले उनलाई बप्तिष्मा दिन लाग्नुहुन्छ, तपाईले धर्मशास्त्रका तीनवटा आज्ञाहरू पुरा गर्नुभएको होस् भन्ने कुरामा ध्यान राख्नु होस् । पहिलो, उनलाई यो प्रश्न सोध्नुहोस्: "के तपाई येशू ख्रीष्ट परमेश्वरका पुत्र हुनुहुन्छ भनी विश्वास गर्नुहुन्छ ?" हामी यो आज्ञा रोमी १०:१० मा देख्दछौं । उनले येशूलाई परमेश्वरका हुनुहुन्छ भनी विश्वास गर्दछु भनी दृढतापूर्वक भन्नु पर्ने हुन्छ ।

दोस्रो, तपाईले सो व्यक्तिलाई ख्रीष्टको शरीर–मण्डलीमा– पापक्षमाको निम्ति बप्तिष्मा दिदै हुनुहुन्छ भन्ने कुरामा ध्यान दिनु पर्ने हुन्छ । त्यसैकारण, उनलाई बप्तिष्मा दिनअघि, के गरिदै छ भनी त्यहाँ उपस्थित हुनेहरू र उनलाई के हुदैछ भन्ने कुराको सम्झनाकोरुपमा दुवैको फाइदाको निम्ति ठूलो स्वरमा वयान गर्नुहोस् । यसलाई तपाईले कसरी भन्न सक्नुहुन्छ भन्ने एउटा उदाहरण यहाँ दिइएको छ (मत्ती २८:१९, २०, रोमी ६:३, प्रेरित २:३८, र मर्कूस १६:१६ मा आधारित भएर):


> म तपाईलाई पिता, पुत्र र पवित्र आत्माको नाउँमा ख्रीष्टको आत्मिक शरीरमा, नयाँ करारको मण्डलीमा, येशू ख्रीष्टको रगतद्वारा पापहरूको क्षमाको निम्ति, ख्रीष्टको आज्ञा पालना गर्दै बप्तिष्मा दिदैछु ।

तेस्रो, जब तपाईले उनलाई बप्तिष्मा दिनुहुन्छ, ध्यानदिनुहोस् तपाईले उनलाई पूर्णरुपमा डुबाउनु भएको होस् । यादराख्नुहोस्, नयाँ करारमा बप्तिष्मा भनेको पानीमा गाडीनु हो (रोमी ६:४) । बतिष्मा

कसरी दिन सकिन्छ भनी यहाँ उदाहरणहरू दिइएको छः



कम पानीभएको ठाउँमा, बप्तिष्मा लिने व्यक्ति बस्न सक्छन् र उनी पूर्णरुपमा पानीमा नडुबेसम्म पछाडी झुक्न सक्दछन् ।



गहिरो पानीभएको बप्तिष्मा दिने पोखरी अथवा पानीको प्राकृतिक श्रोतमा बप्तिष्मा लिने व्यक्ति उनी पूर्णरुपमा नडुबेसम्म पछाडी पल्टिन सक्दछन् ।

उनलाई बप्तिष्मा दिइसकेपछि, त्यसै तरिकाले उनले तपाईलाई बप्तिष्मा दिन भन्नुहोस् । उनले तपाईलाई त्यही प्रश्न सोध्नु पर्ने हुन्छ र उनले तपाईलाई किन बप्तिष्मा दिइरहेका छन् भनी स्पष्टरुपमा भन्नु पर्ने हुन्छ, जसरी तपाईले उनलाई बप्तिष्मा दिदाँ गर्नुभएको थियो ।

तपाईले बप्तिष्मा लिइसकेपछि, तपाई एउटा ख्रीष्टियान, प्रभुको मण्डलीको एउटा सदस्य हुनुहुन्छ । विगतमा तपाईको समूदायमा प्रभुको मण्डलीको अस्तित्व नभए तापनि, अब हुन्छ–किनभने तपाईहरू ख्रीष्टको मण्डली हुनुहुन्छ । तपाईले त्यो मण्डली स्थापना गर्नुभएको हुन्छ जहाँ तपाई ख्रीष्टियान भएर जीवन बिताउनु हुन्छ ।

## दोस्रो पाइलाः एउटा ख्रीष्टियान भएर जीवन बिताउनु

निश्चय नै, तपाईले चाल्नु पर्ने दोस्रो पाइला जसलाई तपाईले निरन्तर चाल्न आवश्यक हुन्छ, कहिल्यै नरोकिने पाइला–भनेको, ख्रीष्टियान जीवन जिउनु नै हो । तपाई अब ख्रीष्टियान हुनुभएको छ, र त्यस्तै भएर जिउन चाहनु हुन्छ होला ("एल्डरहरू कस्तो हुनुपर्छ सबै ख्रीष्टियानहरू कस्तो हुनुपर्दछ" भन्ने शिर्षकभएको परिशिष्ट २ माभएको पाना हेर्नुहोला) ।

एउटा ख्रीष्टियानले कसरी जीवन बिताउँछ ? एउटा ख्रीष्टियानको

असल जीवनलाई संक्षेपमा व्याख्या गर्नु भनेको उसको नामले जे संकेत गर्दछ उ त्यस्तै हुन्छ भन्नु होः ख्रीष्टको एउटा चेला । उ एउटा ख्रीष्टि-यान हुन्छ, एउटा व्यक्ति जसले ख्रीष्टले जिउनुभएको जस्तै जीवन विताउँछ (फिलिप्पी १:२१) एउटा ख्रीष्टियानको जीवन ख्रीष्ट हुनुहुन्छ ।

**धर्मशास्त्रको छानबीन गर्ने**

कुनै पनि व्यक्ति जसले ख्रीष्टलाई पछ्याउँछन् उनलाई एउटा महत्वपूर्ण गुणले चित्रण गरिएको हुन्छः पिताको इच्छामा समर्पित । येशू हरेक पक्षमा सिद्ध हुनुहुन्थ्यो, तर उहाँको जीवनको एउटा गुण पिता प्रतिको विश्वासयोग्य आज्ञापालना थियो जसलाई तपाई र मैले नक्कल गर्न शुरु गर्न सक्दछौ । ख्रीष्टियान जीवनको अर्थ, त्यसो भए, परमेश्वरको इच्छा बुझ्नका निम्ति धर्मशास्त्रको खोजी गर्नुपर्छ र त्यसपछि नम्रता, आदर र प्रेमका साथ त्यो इच्छा पालन गर्नुपर्छ भन्ने हो । एउटा ख्रीष्टियान परमेश्वरको वचनको नजिक बस्दछ । उनले यसलाई दिनहुँ पढ्छन् र उनले त्यसबाट जे सिकेका हुन्छन् त्यसलाई अभ्यास गर्ने प्रयास गर्दछन् ।

**येशूको जीवन शैलीको नक्कल गर्ने प्रयास गर्नु**

तीनवटा अरु सिद्धान्तहरू जसले हामीहरूलाई हाम्रो ख्रीष्टको निम्ति जिउने जीवनमा अगुवाई गर्नुपर्दछ त्यसमा "सुनौलो नियम", करुणा, र प्रार्थना संलग्न हुनुपर्दछ । येशूको नक्कल गर्ने एउटा राम्रो उपाय भनेको सधै आफूलाई "मलाई कस्तो व्यवहार गरिएको म चाहन्छु ?" भनी प्रश्न गर्नु पनि हो । "सुनौलो नियम" (मत्ती ७:१२) त्यसबेला पछ्याइन्छ जब हामी आफूलाई कसरी व्यवहार गरिएको चाहन्छौ भन्ने निर्णय गर्दछौ र त्यसपछि अरुलाई पनि त्यसैअनुसार व्यवहार गर्न तर्फ लाग्दछौं । यो नियम ख्रीष्टको जिउने तरिका थियो, र यो नै यस संसारमा जिउने सबैभन्दा उत्तम तरिका हो ।

येशू दयालु मानिस हुनुहुन्थ्यो । "दयालु" शब्दको अर्थ अरुहरू प्रति "भावनात्मक" भन्ने हुन्छ । येशूले गरीब, अभावग्रस्त र एक्लोलाई प्रेम गर्नुहुन्थ्यो । उहाँको हृदय तिनीहरू प्रति हुन्थ्यो । उहाँले तिनीहरूको सेवा गर्नुहुन्थ्यो । एउटा ख्रीष्टियान, त्यसैकारण, त्यस्तो व्यक्ति हुनुपर्दछ जसले अरुहरूको चिन्ता गर्दछ र यदि सक्छ भने उसले सहायता गरेर

त्यो प्रेम निरन्तर प्रकट गर्दछ (मत्ती ९:३६) ।

येशू परमेश्वरका पुत्र हुनु भए तापनि, उहाँले व्यक्तिगतरुपमा, सार्वजनिकरुपमा, र सानो समूहमा पनि अक्सर गरेर पितालाई प्रार्थना गर्नुभएको थियो । एउटा खीष्टियानले पनि निरन्तर परमेश्वरलाई प्रार्थना गर्नुपर्दछ ।

अब तपाई खीष्टियान हुनुभएकोले, परमेश्वर तपाईको पिता हुनुहुन्छ । उहाँले तपाईलाई आफ्नै भनी दावी गर्नुभएको छ । विश्वासी हृदयका साथ उहाँलाई निरन्तर प्रार्थना गर्नुहोस् । येशूको नाउँमा उहाँलाई प्रार्थना गर्दै, तपाईको जीवनमा उहाँको इच्छा पुराभएको होस् भनी अनुरोध गर्नुहोस् । यहाँ तपाईले कसरी परमेश्वरलाई प्रार्थना गर्न सक्नुहुन्छ भनी उदाहरण दिइएको छः

परमेश्वरलाई सम्बोधन गर्नुहोस्: प्रिय पिता,

उहाँलाई प्रशंसा गर्नुहोस्: तपाईको नाउँ पवित्र गरियोस् ।

उहाँलाई धन्यवाद दिनुहोस्: तपाईले दिनुभएको आशिषहरू ... को निम्ति हामी धेरै धन्यवादी छौ (तिनीहरू मध्ये केहीको नाम उल्लेख गर्नुहोस्) ।

उहाँलाई निवेदन गर्नुहोस्: हामीले भन्न सक्ने हाम्रा आवश्यकताहरू यस्ता छन् । यदि तिनीहरू तपाईका इच्छाअनुसारका छन् भने यी अनुरोध पुरा गरिदिनुहोस् ।

उहाँलाई निवेदन गर्नुहोस्: हाम्रा पापहरू क्षमा गर्नुहोस् जसरी हामीले अरुहरूलाई क्षमा गरेका छौ । हामीलाई दुष्टबाट छुटाउनु होस् ।

उहाँलाई प्रशंसा गर्नुहोस्: सारा महिमा तपाई कै हुन् ।

अन्त्य गर्नुहोस्: येशूको नाउँमा हामी तपाईलाई यो प्रार्थना अर्पण गर्दछौ । आमिन ।

संभवत तपाईले यो नमूना प्रभुले आफ्ना चेलाहरूलाई मत्ती ६:९-१३ मा सिकाउनुभएको नमुनाको हो भनी चिन्नुभयो होला । उहाँको प्रार्थनाको केही अंश हामीलाई लागू हुँदैन (उदाहरणको निम्ति, तपाईको राज्य आओस् भन्नेबारेको अंश, किनभने उहाँको राज्य पेन्तिकोसको दिनमा आइसकेको छ), तर यसका धेरै जसो भाग हाम्रो लागि प्रयोग हुन्छ । याद राख्नुहोस्, दिइएको नमूना एउटा नमूना मात्र हो र जब कसैले उनका आफ्ना विचारहरू परमेश्वरलाई व्यक्त गर्दछन्

त्यसबेला सूझावकोरुपमा यसलाई पछ्याउने छन् भन्ने इच्छा गरेर मात्र यो दिइएको हो ।

आउनुहोस् हामी यस सत्यमा जोड दिऔः तपाई सिद्ध हुनुहुने छैन । मानवजाति सिद्ध हुनसक्दैन, तर हामीले हाम्रो हृदयलाई उहाँको इच्छा पालन गर्न समर्पित गर्न भने सक्दछौ । जब हामी असफल हुन्छौ, हामी उठ्न सक्छौ, र इच्छा पुरा गर्न फेरि कदम चाल्न सक्दछौ । महत्वपूर्ण कुरा भनेको के हो भने हामीले उहाँको इच्छा पुरा गर्ने प्रयत्न गरिरहनु पर्दछ । हामीहरूले परमेश्वरको अनुग्रहबाट–विश्वासद्वारा उद्धार पाउँदछौ, सिद्धताबाट होइन (एफिसी २:८) । विश्वास हुनु भनेको इमानदारीका साथ उहाँको इच्छा पुरा गर्न चाहनु हो ।

जब हामी त्यसो गर्न असफल हुन्छौ भने हामी अरुहरूलाई चोट पुऱ्याउछौ, आउनुहोस् हामी उनीहरूसंग क्षमा मागौं र उनीहरूलाई हामी दुःखी छौ र भविष्यमा हामी अझ राम्रो गर्न खोज्ने छौं भन्नेमा ढुक्क बनाऔं (याकूब ५:१६) । यदि हामीले पाप गरेका छौ र हाम्रो पापले पुरा मण्डलीलाई चोट पुगेको छ भने, हामी मण्डलीकोअघि जानु पर्छ, क्षमा माग्नु पर्दछ, र हाम्रा खीष्टमा दाजु–भाईहरू र दिदी-बहिनीहरूले हाम्रो निम्ति प्रार्थना गरिदिनुभएको होस् भनी अनुरोध गर्नुपर्दछ (याकूब ५:१६) । परमेश्वरले हामीलाई क्षमा दिनु हुनेछ र मण्डलीले पनि हामीलाई क्षमा दिने छ ।

जब तपाई तपाईको जीवनमा एउटा खीष्टियानकोरुपमा प्रवेश गर्नुहुन्छ तपाईले पढ्न चाहने धर्मशास्त्रको खण्ड भनेको नयाँ करारको पहिलो पुस्तकहरू–मत्ती, मर्कूस, लूका, र यूहन्ना–खीष्टको जीवन हुनसक्छ । यो पढाइ र अध्ययनले तपाईलाई येशूले यो पृथ्वीमा कसरी जीवन विताउनुभएको थियो भन्ने बुझाउने छ । उहाँकोबारेमा तपाईले सिक्ने सबै कुराले उहाँलाई अझ नजिकबाट पछ्याउन तपाईलाई मद्दत गर्नेछ ।

## तेस्रो पाइलाः परमेश्वरको आराधना

तपाईले खीष्टियन हुने चाहना गर्दा चाल्नु पर्ने तेस्रो पाइला भनेको नियमितरुपमा परमेश्वरको आराधना गर्न शुरु गर्नु हो । यदि तपाईको छिमेकमा खीष्टको मण्डली छ भने तपाई उनीहरूसंग आइतबार र अरु दिनहरूमा भेट्न चाहनुहुन्छ होला जब उनीहरू

सामूहिक आराधनाको निम्ति भेला हुन्छन् । प्रत्येक आइतबारमा उनीहरू भजनगान, प्रार्थना, परमेश्वरको वचन अध्ययन गर्न, प्रभु भोजमा सहभागी हुन र परमेश्वरले उनीहरूलाई दिनुभएको आशिषअनुसार उनीहरूको अम्दानीबाट भेटी दिन भेला हुन्छन् । तपाई उनीहरूको प्रत्येक आराधनाको अभिव्यक्तिहरूमा सहभागी हुनुपर्दछ ("नयाँ करारको मण्डली" भन्ने पाठमाभएको यसबारेको छलफल हेर्नुहोला) ।

यदि तपाईको समूदायमा कुनै प्रभुको मण्डली भेला हुँदैन भने, तपाईले नियमितरुपमा, परमेश्वरको विश्वासयोग्य आराधना तपाईको घरमा शुरु गर्न सक्नुहुन्छ । जति बेलासम्म हामी उहाँलाई आराधना गर्न भेला हुन्छौ मण्डली कहाँ भेला हुन्छ त्यसले परमेश्वरलाई केही फरक पर्दैन । नयाँ करारमा विशेष भवनमा अथवा मन्दिरमा भेला हुने आज्ञा कही छैन । आत्मिक आराधना कही पनि गर्न सकिन्छ, जब दुई वा तीनजना येशूको नाउँमा भेला हुन्छन् (मत्ती १८:२०) ।

**मण्डलीकोरुपमा भेला हुनु**

नयाँ करारमा शुरुको मण्डली हप्ताको पहिलो दिन, अथवा आइतबार भेला हुँदथ्यो । यो त्यो दिन थियो जब प्रभु जीवित भै उठ्नुभएको थियो । जब पहिलो खीष्टियानहरू आराधना गर्न आइतबार भेला भएका थिए, उनीहरू प्रभुभोजमा पनि सहभागी भएका थिए जसलाई येशूले उहाँको मृत्यु र पुनरुत्थानको सम्भनामा गर्नु भनी स्थापित गर्नुभएको थियो । उनीहरू यो भोजमा प्रत्येक आइतबार सहभागी भएका थिए भन्ने कुरा स्पष्ट छ । यो प्रत्येक प्रभुको दिनमा लिनु पर्ने, "प्रभुभोज" थियो (१ कोरिन्थी ११:२०) । ध्यान पूर्वक हिब्रू १०:२५, १ कोरिन्थी ११:२२, १६:१, २, र प्रेरित २०:७ अध्ययन गर्नुहोस् ।

**प्रभुभोजमा सहभागी हुनु**

जब खीष्टले प्रभुभोज स्थापित गर्नुभयो, उहाँले दुई तत्वहरू: दाखको रस र अखमिरी रोटी प्रयोग गर्नुभएको थियो । जब उहाँले उनीहरूलाई यो भोज मनाउनु भन्नुभएको थियो हाम्रा प्रभुले उहाँका चेलाहरूसँग निस्तार-चाँडको भोज खाइरहनुभएको थियो । निस्तारको भोजमा आखमिरी रोटी र एउटा पेय-पदार्थ, जुन दाखको फल र

पानीको मिश्रण हुन्थ्यो (कुनै प्रकारको दाखको रस) । येशूले उहाँका चेलाहरूलाई रोटी खान र तिनीहरूको निम्ति अर्पण गरिने उहाँको शरीरको सम्झना गर्न भन्नुभएको थियो । उहाँले तिनीहरूलाई कचौरबाट केही पिउन, अथवा दाखको रस, र तिनीहरूको निम्ति बगाइने उहाँको रगतको सम्झना गर्न भन्नुभएको थियो ।

तपाईले हाम्रा प्रभुको आज्ञाहरू र प्रेरितको पुस्तकमा भएका ख्रीष्टियानहरूको उदाहरण पछ्याउनु हुन्छ होला । प्रत्येक आइतबार, तपाइहरू जो ख्रीष्ट प्रति आज्ञापालक हुनुहुन्छ आराधनाको निम्ति भेला हुनुपर्दछ । तपाईले भजन गाउनु, प्रार्थना गर्नु, र परमेश्वरको वचन अध्ययन गर्नु पर्छ । आराधना सेवाको कुनै समयमा, यो भोजमा सरिक हुनुपर्दछ जुन येशूले तपाईलाई दिनुभएको छ । केही अखमिरी रोटी थालमा लिनुहोस् जसले ख्रीष्टको शरीरको र उहाँको महान् बलिदानको प्रतिनिधित्व गर्दछ । त्यसपछि त्यो रोटी जो त्यसमा सहभागी हुने र ख्रीष्टको शरीरको सम्झना गर्ने इच्छा गर्दछन् ती प्रत्येक ख्रीष्टियानहरूलाई दिनुहोस् ।

प्रभुभोजको रोटीको निम्ति केही सामान्य सामग्रीहरू: पिठो, पानी, नुन र तेल मात्र आवश्यक पर्छ । कुनै मर्चा अथवा खमिर राख्नु पर्दैन । यहाँ तपाईको हातको आकारको दुईवटा रोटी पकाउने सामान्य विधि दिइएको छ ।

सामग्रीहरू:

१ कप गहुँको अथवा जौंको पिठो — १ चिया चम्चा पानी

३ चिया चम्चा तेल — एक चिम्टी नुन

पकाउने विधि:

माथि उल्लेख गरिएका सामग्रीहरू मिसाउनुहोस् र मुछेर डल्लो बनाई एउटा तेल दलेको तावामा राख्नुहोस् । त्यो डल्लोलाई पातलो हुने गरी फैलाउनु होस् र त्यसपछि दुवैभाग पाक्ने गरी पकाउनु होस् । पाकेको रोटी खैरो हुँदैन । त्यो रोटी आगोको भुंग्रोमा पनि पकाउन सकिन्छ ।

दोस्रो, कचौरा अथवा कचौराहरू लिनुहोस् जसमा दाखको रस राखिएको हुन्छ । परमेश्वरलाई प्रार्थना गर्नुहोस्, कचौराको निम्ति र हाम्रो पापक्षमाको निम्ति येशूले वगाउनुभएको अनमोल रगतको निम्ति

धन्यवाद दिदै । प्रार्थना सकेपछि, उपस्थित भएका ख्रीष्टियानहरूलाई कचौराहरू दिनुहोस्, जसले गर्दा प्रत्येकले कचौरामा सहभागी हुन सकुन् र हाम्रो निम्ति येशूको रगत बगेको थियो भन्ने सम्भना गर्न सकुन् ।

जब येशूले भोजको आज्ञा गर्नुभएको थियो, उहाले "दाखको फल" अथवा अंगुरको रस प्रयोग गर्नुभएको थियो । दाखको रस संसार भरी प्रसस्तरुपमा उपलब्ध हुन्छ, त्यसो भए तापनि, यदि यो तपाईको क्षेत्रमा किन्न पाइदैन भने, यो अंगुरलाई एउटा भाँडोमा निचोरेर पनि रस निकाल्न सकिन्छ । यदि यसलाई उपयुक्तरुपमा संरक्षित गरेर राखियो भने, दाखको मौसममा निकालिएको रस वर्ष भरिलाई पनि उपलब्ध भैरहन सक्छ । दाखको रस सुकाएको दाखलाई पानीमा उमालेर पनि निकाल्न सकिन्छ । उमालेको अंगुरलाई (दाखलाई) निकालेपछि बाँकी रहेको रस सहभागिताको सेवामा प्रयोग गर्न सकिन्छ ।

## छुट्याएर राख्नु, अथवा भेटी दिनु

हरेक ख्रीष्टियानले प्रभुको कामको निम्ति दिन धन "छुट्याएर र बचाएर राख्नु" पर्दछ । एउटा उपयुक्त समयमा जब आराधना गर्नको निम्ति भेला भइन्छ, प्रत्येक ख्रीष्टियानलाई उनले कमाएअनुसार, जसरी नयाँ करारले सिकाउँदछ त्यसरी दिने मौका दिइनु पर्दछ (१ कोरिन्थी १६:१, २) । कुनै प्रकारको भाडो यो भेटी संकलन गर्नको निम्ति घुमाउन सकिन्छ अथवा ख्रीष्टियानहरूलाई पैसा अथवा बहुमुल्य दानहरू छोड्ने कुनै ठाउँ उपलब्ध गराउन सकिन्छ जुन उनीहरूले परमेश्वरको निम्ति छुट्याएर राखेका हुन्छन् । याद राख्नुहोस् यो आराधनाको प्रकटिकरण हो र आदरका साथ र आनन्दका साथ गरिनु पर्दछ । जुन दान दिइएको हुन्छ त्यो मण्डलीको काममा प्रयोग गरिनु पर्दछ । उदाहरणको निम्ति संकलन गरिएको दान अरुहरूलाई सुसमाचार प्रचार गर्न, गरिबहरूलाई सहायता गर्न, अध्ययनको निम्ति बाइबल किन्न, र अरु कुनै पनि उद्देश्यको निम्ति जुन मण्डलीको कामसंग मिल्दछ तिनीहरूमा प्रयोग गर्न सकिन्छ । संकलन गरिएको रकम कसरी खर्च गर्ने भन्ने निर्णय मण्डलीको छलफलबाट गर्नु पर्छ, कुनै एउटा व्यक्तिले मात्र होइन ।

यहाँ आराधना सेवाको योजना कसरी बनाउने भन्ने एउटा

उदाहरण दिइएको छः

प्रार्थना
भजन अथवा भजनहरू गाउने
धर्मशास्त्रको अध्यायबाट छलफल गर्ने अथवा योग्य शिक्षक अथवा प्रचारक उपलब्ध छन् भने एउटा प्रवचन
भजन गान
प्रभुभोज सम्बन्धी धर्मशास्त्रको खण्ड पाठ गर्ने
प्रभुभोजमा सहभागी हुने
भजन गान
प्रत्येकले कमाइअनुसार धन दान दिने
भजन गान
प्रार्थना

जहिले जहिले सेवाको आयोजना गरिन्छ, त्यसमा यी आराधनाका महत्वपूर्ण प्रत्येक अंशहरू समावेश गरिनु पर्दछ ।

**मण्डलीको बैठक संचालन गर्ने तरिका**

स्थानिय झुण्डले त्यसको काम "शिष्टतापूर्णक र सुव्यस्थित ढंगले" (१ कोरिन्थी १४:४०) संचालन गर्नको निम्ति, मण्डलीका पुरुषहरूले समय-समयमा बैठक गर्नु आवश्यक हुन्छ । यो विशेष गरी त्यहाँ उपयुक्त हुन्छ जहाँ एल्डरहरू हुँदैनन् । यी बैठकहरू परमेश्वरका निम्ति व्यवस्थाहरू बनाउने उद्देश्यले गरिनु हुँदैन तर स्थानिय समूहको आराधना र काम ख्रीष्टियान तरिकाबाट भइरहेको छ कि छैन भनी सुनिश्चित गर्न हुनु पर्दछ । बैठकले आराधनाको समयबारेमा उपयुक्त समय र ठाउँको निर्णय प्रदान गर्नु पर्ने हुन्छ, आराधाना सेवामा सहायताको जिम्मेवारीहरू तोक्नु पर्ने हुन्छ, असल कामहरूको योजना बनाउनु पर्दछ र अरु आत्मिक विषयहरूमा छलफल गर्नुपर्दछ । प्रत्येक व्यक्ति जसले बैठकमा भाग लिन्छन् उनले स्वयम्लाई ख्रीष्टियान आचारणका साथ प्रस्तुत गर्नु आवश्यक हुन्छ (एफिसी ४:१-३) । कसैले एकपल्ट भनेका थिए, "प्रत्येकलाई उनको कुरा भन्ने अधिकार हुन्छ, तर कसैलाई पनि उनकै कुरा मान्नुपर्छ भन्ने अधिकार हुँदैन ।" हरेक निर्णयकोबारेमा यी प्रश्नहरू गरिनुपर्दछः

- के यो धर्मशास्त्रअनुसार छ ?
- के यसले परमेश्वरको महिमा हुन्छ ?
- के यसले सुधार गर्छ ?
- के यसले काम गर्छ ?

यी बैठकहरू कति चोटी गर्ने भन्नेबारेमा मानिसहरू सहमत हुन आवश्यक हुन्छ ? उनीहरूले त्यो समय रोज्नु पर्दछ जुन समय धेरै ठूलो संख्यामा मानिसहरू उपस्थित हुन सक्षम हुन्छन्। एउटा परिपक्व ख्रीष्टियान दाई-भाईलाइ बैठकको अगुवाई गर्न चुन्नु पर्दछ । यो जिम्मेवारी फरक–फरक व्यक्तिलाई लिन दिनु बुद्धिमानी हुन्छ। यो कुनै अधिकारको पद हुँदैन, तर सभा संचालन गर्ने उचित मार्ग मात्र हो । गरिएको निर्णयले मानिसहरूको सर्वसम्मतिको प्रतिनिधित्व गर्नुपर्दछ। कसैले ती निर्णयहरूको अभिलेख राख्नु पर्ने हुन्छ। एउटा बैठक यस ढंगले संचालन गर्न सकिन्छः

प्रार्थना

पुरानो काम–विगतको सभामा छोडिएका छलफल, प्रगति विवरण र दिइएका जिम्मेवारीहरू

नयाँ काम–आवश्यकताहरूको पहिचान, भविष्यका योजनाहरू जिम्मेवारीहरू र आत्मिक चासोहरू

## परमेश्वरलाई दिनहुँ आराधना गर्नु

तपाईले परमेश्वरलाई दिनहुँ आफ्नो हृदयमा र तपाईको शारीरिक परिवारका साथमा आराधना गर्न चाहनु हुन्छ होला । प्रत्येक भोजनमा उहाँले दिनुभएको भोजनको निम्ति धन्यवाद दिदै तपाईले खानअघि, परमेश्वरलाई प्रार्थना गर्नुहोस् । परमेश्वरकोअघि तपाईका परिवारमा भएका आवश्यकताहरू ल्याउँदै र उहाँले तपाईको निम्ति गर्नुभएको सबै कुराहरूको निम्ति धन्यवाद दिदै र प्रशंसा गर्दै तपाईको परिवार को साथ नियमितरुपमा प्रार्थना गर्नुहोस् ।

निश्चय नै, आइतबार बाहेक अरु समय पनि तपाईले परमेश्वरको आराधना गर्न चाहनु हुन्छ होला । आइतबार तपाई सँधै भेला हुनुपर्ने हुन्छ, त्यो आराधना सेवामा प्रभुभोज र साथै भेटी दानमा सहभागी हुनुपर्दछ। त्यस बाहेक, तपाई संगी ख्रीष्टियानहरूसंग अरु समय पनि त्यस हप्तामा बाइबल अध्ययन, प्रार्थना र भजनगानको निम्ति भेला

हुन चाहनु हुन्छ होला । ख्रीष्टियानहरूको निम्ति अक्सर गरेर एकसाथ भेला हुनु, एकसाथ आराधना गर्नु र प्रभुमा एकले अर्कोलाई उत्साहित गर्नु धेरै महत्वपूर्ण हुन्छ ।

प्रभुको एउटा सेवककोरुपमा, तपाईले दिनहुँ उहाँलाई तपाईसँग उहाँको वचन अध्ययनबाट कुराकानी गर्न दिनु पर्दछ । तपाईले प्रार्थनाबाट पनि उहाँसँग कुराकानी गर्न सक्नुहुन्छ ।

## चौथो पाइलाः असल कामहरू गर्नु

तपाईले चाल्नु आवश्यक चौथो पाइला भनेको प्रभुको सेवा गर्नु हो । तपाई अब एउटा ख्रीष्टियान हुनुहुन्छ, ख्रीष्टको एउटा चेला, त्यसैले उहाँले जिउनुभएको तरिकाले जिउनु होस् । हामीलाई उहाँले असल काम गर्दै हिड्नुभएको थियो भनिएको छ (प्रेरित १०:३८) ।

### सुसमाचार बाड्नु

ख्रीष्टियानहरूले प्रचार गर्नु, सुसमाचार बाड्नु पर्ने हुन्छ । येशूले हामीलाई उहाँ स्वर्ग जानुभन्दाअघि भन्नुभएको थियो, “सारा संसारमा गएर सुसमाचार प्रचार गर ...” (मर्कूस १६:१५) । सुसमाचारको रचना गर्न ख्रीष्ट मर्नुभएको थियो, अब हामीले यो प्रत्येक व्यक्तिहरूलाई प्रचारभएको छ कि छैन भनी हेर्नुपर्ने हुन्छ । तपाईले प्रचार गर्न सक्ने एउटा तरिका भनेको अरुहरूलाई यो पुस्तक पढ्न अनुरोध गर्नु पनि हो । उनीहरूलाई ख्रीष्टियान हुन उत्साहित गर्नु पनि हो । आउनु होस् हामीले अरुहरूलाई ख्रीष्टमा डोर्‍याउन गर्नसक्ने सबै कुरा गरौं ।

### अरुहरूलाई निर्माण गर्नु

ख्रीष्टियानको अर्को काम भनेको अरुहरूलाई निर्माण गर्नु पनि हो । “निर्माण गर्नु” भन्ने शब्दको अर्थ बलियो बनाउनु हुन्छ । जब तपाईको पन्ध्र जना अथवा त्यसभन्दा बढीको एउटा स्थापित झुण्ड हुन्छ, कृपया ट्रूथ फर टुडेको वर्ल्ड मिशन स्कूललाई (“अझ बढी अध्ययन गर्नको निम्ति” भन्ने पानामाभएको ठेगाना प्रयोग गर्नुहोस्) लेख्नुहोस् र हामी तपाईलाई बाइबल अध्ययनमा सहायता पुग्ने केही सामग्रीहरू पठाइदिने छौं । आउनुहोस. हामी निरन्तर हाम्रो ख्रीष्टको ज्ञान र उहाँको मार्गमा बढौं र आउनुहोस् हामी अरुहरूलाई पनि

हामीसँगै बढ्न उत्साहित गरौं ।

**अरुहरूलाई सहायता गर्नु**

तपाई उपकारको कामहरूमा पनि सहभागी हुन चाहनु हुन्छ होला । आफैलाई सोध्नुहोस्, "गरिबहरूलाई सहायता गर्न म के गर्न सक्छु ?" यदि तपाईले खाँचोमा परेकोलाई वास्ता गर्नुहुँदैन भने तपाई खीष्ट जस्तै हुन सक्नुहुँदैन (मत्ती २५:३१-४६) ।

यहाँ खीष्टियानले गर्न सक्ने केही असल कामको सूची दिइएको छः

अरुहरूलाई सुसमाचार सुनाउने
रोगीहरूको सेवा गर्ने
बालबालिकाहरूलाई परमेश्वरकोबारेमा सिक्न सहायता गर्ने
भोकाहरूलाई खुवाउने
विधवाहरू र टुहुराहरूलाई सहायता गर्ने
जेलमा भएकाहरूलाई भेटघाट गर्ने
अतिथी सत्कार गर्ने
खीष्टियान साहित्य बाड्ने
अरुहरूलाई आराधना सेवामा निम्तो दिने
अरुहरूको निम्ति प्रार्थना गर्ने
जसले पढ्न सक्दैनन् उनीहरूको निम्ति बाइबल पढ्ने

येशू यस संसारमा सेवा गर्न आउनुभएको थियो । उहाँ सेवा गराउनलाई होइन, तर अरुहरूको सेवा गर्न र उहाँको जीवन धेरैको छुटकारको मोलकोरुपमा अर्पण गर्न आउनुभएको थियो (मर्कूस १०:४५) । हामी येशूले जस्तै अरुहरूका निम्ति मर्न सक्दैनौ, तर हामी अरुहरूलाई सुसमाचार प्रचार गर्न, उनीहरूलाई खीष्टमा बढ्न सहायता गर्न र जब उनीहरू चोट खाइरहेका हुन्छन् त्यसबेला दया देखाउनका निम्ति बाँच्न त सक्छौं ।

## निष्कर्ष

के तपाईले प्रेरित ८ माभएको इथियोपियाली अधिकारीको कथा पढ्नुभएको छ ? यदि छैन भने, तपाईको यो पुस्तक पढ्ने काम रोक्नु

होस् र त्यो कथा पढ्नु होस्। फिलिप उनलाई सुसमाचार सिकाउनलाई पठाइएका छन्। खुसीका साथ, ती इथियोपियालीले सुसमाचार ग्रहण गर्दछन् र एउटा खीष्टियान बन्दछन्।

फिलिप एकजना प्रेरणाप्राप्त मानिस थिए। तपाईले पढिरहेको यो पुस्तक प्रेरणाप्राप्त पुस्तक होइन। त्यसो भए तापनि, यी पानाहरूमा तपाईले नयाँ कराररले खीष्टले ल्याउनुभएको मुक्ति र उहाँले स्थापित गर्नुभएको मण्डलीकोबारेमा के सिकाउँदछ भन्ने पढ्नभएको छ। यसरी यी पानाहरूले तपाईलाई प्रेरणाप्राप्त पुस्तक, बाइबल तर्फ देखाइदिएको छ। तपाईले यहाँ जे पढ्नुभएको छ धर्मशास्त्रहरूसंग तुलना गर्नुहोस् र तपाईले जे नयाँ कराररले सिकाउछ हामीले त्यो सिकाउने प्रयास गरेका छौ भन्ने देख्नु हुनेछ।

परमेश्वरले त्यो इथियोपियालीलाई उद्धार पाउने एउटा मौका दिनुभएको थियो। यो कुनै लामो, बाटो देखाउने अध्ययन पनि थिएन, तर यो उनलाई खीष्टियान कसरी हुने र एक खीष्टियानकोरुपमा कसरी जीवन बिताउने भनेर सिकाउन यथेष्टभएको थियो। हामीले त्यही शिक्षा तपाईलाई पनि दिने प्रयास गरेका छौ। अब मौका तपाईको हो। तपाईले यो मौकाको भरपूर र पूर्ण लाभ लिन सक्नुभएको होस्। हामी तपाईसंग हार्दिकरुपमा विदा माग्दछौ। जब तपाइले उहाँले उहाँको पुत्रद्वारा दिनुभएको सुसमाचारको आज्ञा पालन गर्नुहुनेछ परमेश्वरको भरपूर आशिष् तपाई माथि वर्षियोस्। हामी यदि यहाँ भएन भनेपनि, स्वर्गमा तपाईसंग भेट हुनेछ भनी पर्खि बस्ने छौं।

## अभ्यासका निम्ति प्रश्नहरू

(उत्तरहरू परिशिष्ट १ मा छन्)

१. किन "येशूसंग तपाईले के गर्नु हुन्छ ?" भन्ने प्रश्नको अनन्त प्रयोजन छ ?
२. के शिशुहरू अथवा साना बाल-बालिकालाई बप्तिष्मा लिन आवश्यक छ ? किन पर्छ अथवा किन पर्दैन ?
३. बप्तिष्माको उद्देश्य के हो ?
४. खीष्टको मण्डली पत्ता लगाउन तपाईलाई सहायता गर्ने केही प्रश्नहरू के-के हुन् ?

५. कुन धर्मशास्त्रले बप्तिष्मा भनेको गाडिनु हो भनी सिकाउँछ ?
६. एउटा ख्रीष्टियानको जीवन संक्षेपमा व्याख्य गर्ने राम्रो उपाय के हो ?
७. किन एउटा ख्रीष्टियान परमेश्वरको वचन नजिकै रहनुपर्दछ ?
८. प्रत्येक आइतबार मण्डली आराधना गर्न भेला हुनुपर्दछ । त्यसबेला कस्तो प्रकारको आराधनाको शैली प्रयोग गरिनुपर्दछ ?
९. जब उहाँले प्रभुभोजको स्थापना गर्नुभएको थियो येशूले कुन दुईवटा वस्तुहरू प्रयोग गर्नुभएको थियो ?
१०. एउटा ख्रीष्टियान हुन र एउटा ख्रीष्टियानकोरुपमा जीवन बिताउन तपाईले चाल्नुपर्ने चार आवश्यक पाइलाहरू के-के हुन् ?

## शब्द सहायता

**धर्मशास्त्रहरू**–बाइबल, नयाँ र पुरानो करार दुवै । पुरानो करार यहूदीहरूको निम्ति परमेश्वरले दिनुभएको व्यवस्था थियो र नयाँ करारको निम्ति यसले मार्ग प्रशस्त गरेको थियो (गलाती ३:२४), जसलाई आज सबै मानिसहरूले पछ्याउनु पर्दछ । यसमा परमेश्वरले संसारको सृष्टि गर्नुभएको संक्षिप्त वर्णन, उहाँका चुनिएका मानिसहरूलाई व्यवस्था दिइएको, प्रेरणाप्राप्त साहित्य, र उहाँका अगमवक्ताहरूद्वारा दिइएको परमेश्वरका शिक्षाहरू समेटिएका छन् ।